नीलकण्ठ राजपत्र

नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ (धादिङवेसी, धादिङ) संख्याः ४ मितिः २०८२।०३।३०

## भाग - १

# नीलकण्ठ नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड गठन (पहिलो संशोधन,२०८२) ऐन, २०८१

नीलकण्ठ नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड ऐन, २०८१ को दफा २८ मा भएको व्यवस्था बमोजिम स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) **नीलकण्ठ नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड गठन (पहिलो संशोधन, २०८२) ऐन, २०८१**

(२) यो ऐन नगरसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. **नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड गठन ऐन, २०८१** को मूल ऐनमा देहाय बमोजिम हुने गरी संशोधन गरिएको छ:-

१. दफा २ परिभाषाको खण्ड (ङ) को सट्टामा देहाय बमोजिम हुने गरी खण्ड (ङ) राखिएको छ। "कार्यकारी अध्यक्ष" भन्नाले दफा १० बमोजिमको कार्यकारी समितिको अध्यक्ष सम्झनुपर्छ।"

२. मूल ऐनको विभिन्न ठाउँमा उल्लेख भएको "अध्यक्ष" शब्दको सट्टामा "कार्यकारी अध्यक्ष" राखिएको छ र "कार्यकारी निर्देशक"को सट्टामा "निर्देशक" राखिएको छ।

३. दफा २ परिभाषा खण्ड (द) को सट्टामा देहाय बमोजिम हुने गरी खण्ड (द) राखिएको छ। "निर्देशक" भन्नाले दफा १० बमोजिमको कार्यकारी समितिको दफा १६ बमोजिम नियुक्त निर्देशक सम्झनुपर्छ।"

४. दफा ३ को उपदफा (२) को खण्ड (त) मा रहेको "कार्यकारी निर्देशक" को सट्टामा "कार्यकारी अध्यक्ष" राखिएको छ।

५. दफा ३ को उपदफा (४) को "देहायका विवरणहरु समेत खुलाई दिनुपर्नेछ" भन्न वांक्याशको सट्टा "क्रमशः एकिकृत सेवा प्रणालीमा आवद्ध गर्दै लगिनेछ" भन्ने वाक्याश राखिएको छ।

६. दफा ३ को उपदफा (४) पछाडी देहाय बमोजिमको उपदफा (५) राखी सो पछी साविकको उपदफा (४) को खण्ड (क) देखि (ञ) लाई राखिएको छ। "उपदफा (४) बमोजिमको सेवा प्रणालीलाई बोर्डमार्फत सञ्चालन गरी तपसिलका विवरण उल्लेख गरी स्पष्टरुपमा एकिकृत सेवा प्रणालीमार्फत सञ्चालन गर्न कार्यकारी समितिबाट स्पष्ट योजना तयार गरी बोर्डबाट अनुमोदन गर्नुपर्नेछ।"

७. दफा ६ को उपदफा (२) लाई झिकिएको।

८. दफा ७ को उपदफा (१) को "सेवाप्रदायकलाई" भन्ने शव्द भन्दा अगाडी "कार्य समिति वा" भन्ने वाक्याश राखिएको, उपदफा (२) मा रहेको 'सेवाप्रदायकलाई' र 'निजसंग' शव्दहरु हटाईएको र उपदफा (३) हटाइएको

९. दफा ८ को उपदफा (२) पछी देहा बमोजिमको उपदफा (३) "यस अघि अस्तित्वमा रहेका खानेपानी उपभोक्ता समितिको सेवा बोर्डमार्फत एकिकृत भएपनी त्यस्ता संस्थाहरु बोर्डसंगको सहकार्यमा सरसफाई खानेपानी तथा स्वच्छता व्यवस्थापनमा सहकार्य गर्नेगरी निरन्तर हुनेछन्।"

१०. दफा १० को उपदफा (२) को खण्ड (क) "नगर कार्यपालिकाले तोकेको सम्बन्धित विषय विषय विज्ञ -अध्यक्ष" भन्ने वाक्याशको सट्टामा "तोकिएको योग्यता पुगेको नगर कार्यपालिकाले मनोनित गरेको सम्बन्धित विषय विज्ञ -कार्यकारी अध्यक्ष" राखिएको छ।

११. दफा १० को उपदफा (२) को खण्ड (ख)मा "दुई जना" भन्ने वाक्याशको सट्टामा "चार जना" भन्ने वाक्याश राखिएको छ।

१२. दफा १० को उपदफा (४) "तीन वर्ष" भन्ने वाक्याशको सट्टामा "पाँच वर्ष" राखिएको छ। र दफा १० को उपदफा (४) पछी देहायको (४क) राखिएको छ। "बोर्डको सिफारिसमा कार्यकारी अध्यक्ष, निर्देशक एवम् अन्य सदस्यहरु नियुक्ति/मनोनयन गर्नेले थप १ कार्यकाल थप गर्न सक्नेछ।"

१३. दफा १० पछी देहाय बमोजिम दफा १०क थप गर्नेः

"दफा १०क बोर्डको प्रत्यक्ष निर्देशन र समन्वयमा रहने गरी कार्यकारी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बोर्डको कार्यक्षेत्र भित्रका खानेपानी उपभोक्ता समिति, समुदाय एवं विभिन्न निकाय र स्रोतबाट सञ्चालन भई रहेको खानेपानीको एकिकृतरुपमा वितरण व्यवस्थापन सञ्चालन गर्ने।

(ख) बोर्डको संस्थागत संरचना, संगठन तथा व्यवस्थापन सर्वेक्षण एवं दरवन्दी संरचना, जनशक्ति परिचालन र रणनीतिक योजना तयार गरी स्वीकृत गराउने।

(ग) बोर्डको छुट्टै कार्यालय एवं सम्पर्क केन्द्र र सचिवालय व्यवस्थापन गरी सेवा प्रवाह सरल एवं प्रभावकारी रुपमा उपलब्ध गराउने।

(घ) बोर्डबाट स्वीकृत वार्षिक, नीति, बजेट र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गराउने।

(ङ) नीलकण्ठ नगरपालिका क्षेत्रभित्र सवै वडा, टोल र घर परिवार तहमा सरसफाई एवं फोहोरमैला व्यवस्थापन, फोहोर वर्गिकरण एवं पुर्नप्रयोग र जैविक मल उत्पादन तथा विक्रि वितरण गर्ने।

(च) नीलकण्ठ नगरक्षेत्रका खानेपानी उपभोक्ता समितिहरु एवं आम उपभोक्ता र सरोकारवालाहरु संग सहकार्य गरी गुणस्तरीय खानेपानी वितरण, सरसफाई र स्वच्छता कायम गर्न समन्वय गर्ने।

(छ) वार्षिक नीति, कार्यक्रम र बजेट मस्यौदा तयार गरी बोर्डबाट पारित गर्न सहजिकरण गर्ने।

(ज) बोर्डको कार्यक्षेत्र भित्र खानेपानी योजनाको संभाव्यता अध्ययन, निर्माण, मर्मतसम्भार र दिगोपनाको लागि आवश्यक कार्य गर्ने।

(झ) बोर्डले निर्धारण गरेको खानेपानी सेवा शुल्क एवं सरसफाई सेवा शुल्क संकलन गरी कोषमा जम्मा गर्ने।

(ञ) बोर्डले दफा ६ बमोजिमको काम, कर्तव्य र अधिकार मध्ये प्रत्यायोजन गरेको अधिकार र निर्देशन पालन गर्ने।

१४. दफा ११ मा "सदस्यको" भन्ने शव्द अगाडी "कार्यकारी अध्यक्ष, निर्देशक र" भन्ने वांक्याश राखी रिक्त हुने अवस्थालाई उपदफा (१) मा राखिएको छ। दफा ११ को उपदफा (१) खण्ड (ग) मा "फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा" भन्ने वांक्याश अगाडी "भ्रष्टाचार जवरजस्तीकरणी मानव बेचबिखन तथा ओसारपसार लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी सम्पत्ति शुद्धिकरण राहदानी दुरुपयोग अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य कुनै" भन्ने वाक्याश राखिएको छ। दफा ११ को उपदफा (१) खण्ड (ङ) को सट्टामा देहाय बमोजिम व्यहोराको खण्ड (ङ) राखिएको छ। "कार्यकारी अध्यक्ष, निर्देशक र सदस्यले बोर्डको उद्देश्य प्रतिकूल वा हित विपरित हुने कार्य गरेको ठहर गरेमा नगरपालिकाले निजलाई जुनसुकै बेला हटाउन सक्नेछ। तर हटाउन अघि एक पटक सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।" दफा ११ उपदफा (१) को खण्ड 'च' पछी देहाय बमोजिमको खण्ड 'छ' राखिएको छ। "(छ) विदेशको आवसीय भिसा, डिभी वा स्थायी वसोवास स्वीकार गरेमा।" दफा ११ को उपदफा (१) पछाडी देहाय बमोजिम उपदफा (२) राखिएको छ। "(२) उपदफा (१) को (ङ) मा जुनसुकै कुरा लेखिएको भएतापनी कार्यकारी अध्यक्षलाई नगर सभाको दुई तिहाई मतबाट मात्र पदमुक्त गर्न सकिनेछ।"

१५. दफा १२ मा "समितिको मनोनित" भन्ने वांक्याश पछी "कार्यकारी अध्यक्ष, निर्देशक र" भन्ने वाक्याश राखिएको छ।

१६. दफा १३ को खण्ड क मा "वर्षको कम्तिमा छ पटक" र "तीन महिना" भन्ने वांक्याशको सट्टा क्रमशः "मासिक रुपमा" र "दुई महिना" भन्ने वाक्याश राखिएको छ।

१७. दफा १३ को खण्ड छ मा "कार्यकारी निर्देशक" भन्ने वांक्याशको सट्टा "कार्यकारी अध्यक्ष" भन्ने वाक्याश राखिएको छ।

१८. दफा १४ को उपदफा (३) हटाउने।

१९. परिच्छेद ४ कार्यकारी अध्यक्ष, निर्देशक, सदस्य र कर्मचारी सम्बन्धी व्यवस्था शिर्षक राखि दफा १५ पछि देहाय बमोजिमको दफा १५क राखिएको छ।

१५क कार्यकारी अध्यक्ष सम्बन्धी व्यवस्थाः (१) देहायको योग्यता पुगेको कुनै व्यक्ति समितिको कार्यकारी अध्यक्ष हुन सक्नेछः

(क) नेपाली नागरिक,

(ख) पैतिस वर्ष उमेर पुरा भएको

(ग) मानसिक सन्तुलन ठिक भएको

(घ) मान्यताप्राप्त विश्वविद्यालयबाट जनस्वास्थ्य, समाजशास्त्र, ग्रामिण विकास, मानवशास्त्र, कानून, वन विज्ञान, वातावरण, इन्जिनियरिङ वा सो सरहको विषयमा कम्तिमा स्नाकोत्तर तह उत्तीर्ण गरी सम्बन्धी क्षेत्रमा पाँच वर्षको अनुभव हासिल गरेको वा उल्लिखित विषयहरुमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा सात वर्षको अनुभव हासिल गरेको।

(ङ) दफा ११ को खण्ड (ग) र खण्ड (छ) मा उल्लेखित प्रावधान अनुसार योग्य भएको।

(२) कार्यकारी अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रणनीतिक नेतृत्वः खानेपानी, फोहोरमैला व्यवस्थापन र सरसफाईको लागि दिर्घकालीन रणनीतिक योजना विकास र कार्यान्वयन गर्ने। समितिको बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने र बोर्डबाट स्वीकृत गराई मितव्ययी एवं प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।

(ख) सञ्चालन निरीक्षणः खानेपानी सरसफाई र स्वच्छता लगायतका सेवाहरुको कुशल र प्रभावकारी सञ्चालन सुनिश्चित गर्ने। बोर्डबाट

प्राप्त नीति, योजना, मापदण्ड तथा निर्देशनहरुको प्रभावकारी कार्यान्वयन गर्ने गराउने।

(ग) वित्तीय व्यवस्थापनः वित्तीय अनुशानस कायम राखिएको छ र बजेटको प्रभावकारी कार्यान्वयन तथा निरीक्षण गर्ने गराउने। समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम व्यवस्थित रुपमा राखिएको छ तथा आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने गराउने।

(घ) सहयोग समन्वयः बोर्डको सेवा विस्तार, सुधार र विकासको निम्ति सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार, नियामक निकायहरु, सेवाग्राहीलगायत सरोकारवालाहरुसंग समन्वय एवं बलियो सम्बन्ध निर्माण गर्ने र नगरवासीको खानेपानी तथा सरसफाईको अधिकारको क्षेत्रमा काम गर्ने।

(ङ) कार्यकारी समितिको बैठक बोलाउने।

(च) समितिको कामलाई प्रभावकारी तथा परिणाममुखी बनाउन आवश्यक निर्णय, निर्देशन र नेतृत्व गर्ने।

(छ) कार्यकारी समितिको समग्र प्राथमिकता, आर्थिक स्थिति, चालू योजना र क्रियाकलापहरुको कार्यान्वयनको स्थितिको बारेमा बोर्ड तथा मातहतको समिति र निकायमा जानकारी दिने।

(ज) मासिकरुपमा योजना, नीत तथा कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी बैठकमा पेश गर्ने।

(झ) बोर्डको कर्मचारीहरुलाई नेतृत्व र प्राविधिक मार्गदर्शन प्रदान गर्ने।

(ञ) पूर्वाधार स्तरोन्ती र विस्तारका लागि रणनीतिक योजनाहरु विकास गर्ने।

(ट) पानी र फोहोर पानी परियोजनाहरुको डिजाइन, टेन्डर र निर्माणको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिने।

(ठ) सार्वजनिक चासो, गुनासो र सरोकारहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने।

(ड) सार्वजनिक वैठक, राष्ट्रिय, अन्तराष्ट्रिय फोरमहरुमा समितिको प्रतिनिधित्व गर्ने।

(ढ) बोर्डलाई आवश्यक राय, सल्लाह, सुझाव, मार्गदर्शन प्रदान गर्ने।

(ण) बोर्डको भौतिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन, नियमित, मर्मत सम्भार र सदुपयोग गर्ने दुरुपयोग हुन नदिने।

(त) बोर्डले तोके बमोजिम अन्य काम गर्ने।

(३) कार्यकारी समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी नीति योजना तथा कार्यक्रमको अध्ययन, अनुसन्धान तथा समिक्षा एवं पहिचान गर्ने प्राविधिक र आर्थिक प्रस्ताव तयार गर्न लगाउने र सोको स्विकृतिको लागि अध्यक्ष समक्ष पेश गर्ने।

(ख) स्वीकृत कार्यक्रको कार्यान्वयनका लागि नगरपालिकाका विभिन्न संरचना, शाखाहरुका साथै अन्य सरकारी तथा गैह्सरकारी र निजी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारीमा पारदर्शी, जवाफदेही र परिणाममुखी ढंगले कार्य सम्पादन गर्ने गराउने।

(ग) तोकिएको विषयसंग सम्बन्धित नीति, योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसहित प्रतिवेदन तयार गरी अध्यक्षमार्फत समितिमा पेश गर्ने

(घ) समितिले तोके बमोजिम अन्य कार्य गर्ने।"

२०. दफा १६ को सट्टामा देहाय बमोजिमको दफा १६ राखिएको छ।

"दफा १६ निर्देशक सम्बन्धी व्यवस्थाः (१) नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालयको खानेपानी सरसफाई तथा स्वच्छता हेर्ने प्रमुख वा अधिकृतस्तरको कुनै कर्मचारीलाई नगरपालिकाले निर्देशक नियुक्त गर्नेछ।"

२१.दफा १८ को ठाउँमा देहाय बमोजिमको दफा १८ राखिएको छः "दफा १७ बमोजिम नियुक्त भएको निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नगरपालिका र वोर्ड विच समन्वयात्मक भुमिका निर्वाह गर्ने।

(ख) बोर्डको दैनिक प्रशासनीक, आर्थिक कार्यहरुको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

(ग) कार्यकारी समितिको सदस्य सचिव भई जिम्मेवारी वहन गर्ने।

(घ) समितिमा उपलब्ध जनशक्तिको उच्चचत परिचालन गर्ने, उत्प्रेरणा क्षमता अभिवृद्धि गरी सौहार्दपूर्ण कार्य वातावरण विकास गर्ने। कर्मचारीहरुको अनुगमन मूल्याङ्कन गर्ने गराउने।

(ङ) बैठकका निर्णयहरुको कार्यान्वयन गरी कार्यान्वयन अवस्था तथा प्रतिवेदन तयार गरी कार्यकारी अध्यक्ष तथा समिति समक्ष पेश गर्ने।

(च) बोर्डको भौतिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्ने।

(छ) स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि नगरपालिका, सरकारी तथा गैह्सरकारी संस्था र निजी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारीमा पारदर्शी, जवाफदेही र परिणाममुख ढंगले कार्यसम्पादन गर्ने गराउने।

(ज) समितिको कामलाई प्रभावकारी तथा परिणाममुखी बनाउन आवश्यक कार्य गर्ने।

(झ) वित्तिय अनुशासन कायम राखिएको छ र बजेटको प्रभावकारी कार्यान्वयन तथा निरीक्षण गर्ने गराउने। समितिको आय व्यायको लेखा प्रचलित कानून बमोजिम व्यवस्थितरुपले राखी आन्तरीक तथा अन्तिम लेखा परीक्षण गर्ने गराउने।

(ञ) कार्यकारी अध्यक्षको परामर्शमा कार्यकारी समितिको एजेण्डा तय गरी बैठकको लागि सूचना गर्ने।

(ट) कार्यकारी अध्यक्ष तथा समितिले तोकेका अन्य कार्य गर्ने।"

२२. दफा १८ को ठाउँमा देहाय बमोजिमको दफा १८ राखिएको छ।

"दफा १८. कार्यकारी समितिको अध्यक्ष, निर्देशक र सदस्यको पारिश्रमिक तथा सुविधाः (१) समितिको कार्यकारी अध्यक्ष र निर्देशक पूर्णकालीन हुनेछ।

(२) समितिको कार्यकारी अध्यक्ष, निर्देशक र सदस्यको पारिश्रमिक तथा सेवा सुविधा देहाय बमोजिम हुनेछः

(क) कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधा स्थानीय तहको अधिकृतस्तर नवौं तह वा सो सरहको हुनेछ।

(ख) निर्देशकको पारिश्रमिक नीजको तह अनुसार स्थानीय तहको कर्मचारीलाई उपलब्ध गराईने तलवस्केल बमोजिम हुनेछ।

(ग) समितिका सदस्यलाई अधिकृतस्तरको कर्मचारीले पाउने सरहको वैठक भत्ता उपलब्ध हुनेछ।

(३) सपथ ग्रहण गरेको मितिदेखि लागु हुने गरी पारिश्रमिक तथा सुविधा लागू हुनेछ।

(४) अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

(५) माथि उपदफा (२), (३) र (४) मा जेसुकै कुरा लेखिएतापनी सरकारी कोषबाट सेवा सुविधा उपभोग गरिरहेको व्यक्ति कार्यकारी अध्यक्ष वा निर्देशक पदमा नियुक्ति भएमा कुने एक सेवा सुविधा मात्र उपभोग गर्न पाउने छ।

२३. दफा १८ पछी देहाय बमोजिम दफा १८ क थप गर्ने:

"दफा १८ क. जनशक्ति व्यवस्थापन तथा सेवा सम्बन्धी सुबिधा र शर्तः (१) वोर्डको सांगठनिक तथा व्यवस्थापन सर्वेक्षण गरी नगर कार्यपालिकाले स्वीकृत गरेको दरवन्दीको आधारमा आवश्यक जनशक्ती व्यवस्थापन गरिनेछ।

तर बोर्डको कार्यबोझ तथा सेवा विस्तार एवं थप आवधिक कार्यक्रमहरु कार्यान्वयन गर्न नगर कार्यपालिकाले स्वीकृत दरवन्दी बमोजिम कर्मचारी अपुग हुने भएमा निश्चित आधार र कारण खोली सेवा सुविधा व्यहोर्ने दायित्व बोर्डको हुनेगरी वोर्डको सहमतीमा कार्यकारी अध्यक्षले म्याद तोकी करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण भई दरवन्दी स्वीकृत नहुदासम्म र वोर्ड आर्थिकरुपमा आत्मनिर्भर नहुदाँसम्म बोर्डमा आवश्यक पर्ने जनशक्ति निश्चित अवधी तोकि नगरपालिकाले कामकाजमा खटाउन सक्नेछ। यसरी खटिएका जनशक्तिलाई बोर्डको साधन स्रोत र क्षमता अनुसार अतिरिक्त सेवा सुविधा बोर्डको निर्णायानुसार प्रदान गर्न सकिनेछ।

(३) बोर्डमा कार्यरत जनशक्ति तथा करारमा नियुक्त कर्मचारीको सेवा, सुविधाको शर्त, काम, कर्तव्य, अधिकार तथा कार्यविवरण बोर्डले स्वीकृत गरेको विनियमावली एवम् प्रचलित कानून बमोजिम हुनेछ।

(४) बोर्डको कार्यकारी अध्यक्षले नगर कार्यपालिकासंग कार्यसम्पादन र करार सम्झौता हुनेछ। निर्देशक र अन्य कर्मचारीको कार्यसम्पादन सम्झौता कार्यकारी अध्यक्षसंग हुनेछ।

(५) कार्यकारी अध्यक्षले पद बहाल गरेको छ महिना भित्र बोर्डको रणनीतिक कार्ययोजना र उपदफा (१) बमोजिमको संगठनिक तथा व्यवस्थापन सर्वेक्षण गरी बोर्डसमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

२४. दफा १९ मा "कार्यकारी निर्देशकको नियुक्ति बाहेक" भन्ने वाक्याशको ठाउँमा "कार्यकारी अध्यक्ष र निर्देशकको नियुक्ति बाहेक" भन्ने वाक्याश राखिएको छ।

२५. दफा २२ को उपदफा (२) को खण्ड (छ) पछी देहाय बमोजिम खण्ड (ज) र (झ) राखिएको छ।

(ज) बोर्ड आफैले सञ्चालन गरेको आयमुलक कार्यक्रमबाट प्राप्त भएको आम्दानी

(झ) फोहोरमैला व्यवस्थापन सेवा शुल्कवापत प्राप्त हुने रकम

२६. दफा २२ को उपदफा (४) को सट्टामा देहाय बमोजिम उपदफा (४) राखिएको छ। "(४) बोर्ड मार्फत सञ्चालन गरिएको कार्यक्रमहरुको लागि रकम नपुग भएमा नीलकण्ठ नगरपालिकाले थप रकम व्यवस्थापन गर्नेछ।"

२७. दफा २२ को उपदफा (५) को सट्टामा देहाय बमोजिम उपदफा (५) राखिएकोः "(५) बोर्डको खाता देहाय बमोजिम सञ्चालन हुनेछः

**(क)** बोर्डको कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ।

**(ख)** उक्त बैंक खाता बोर्डको कार्यकारी अध्यक्ष वा निर्देशक र बोर्डको लेखा हेर्ने प्रमुखको संयुक्त दस्तखतमा दफा ३ (१) बमोजिमको वोर्डको निर्णय बमोजिम हुनेछ ।"

**२८.** दफा २२ को उपदफा (५) पछी देहाय बमोजिम उपदफा (६) राखिएको छ। "(६) बोर्डको कोष सञ्चालन कार्यवधि तयार गरी सोही बमोजिम कोष सञ्चालन हुनेछ।"

२९. अनुसुची २ मा दफा ४ को उपदफा (२) मा व्यवस्था भए बमोजिम देहायको ढाँचाको छाप राखिएको छ।

**आज्ञाले,**
**पुरुषोत्तम सुवेदी,**
**प्रमुख प्रशासकीय अधिकृत**